**प्रस्ताव नं. ३: करार कर्मचारीको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ३:** जिल्ला समन्वय समितिको निजी सचिवालय र जिल्ला समन्वय समितिको कार्यालयमा विगत देखि करार सेवामा कार्यरत ना.सु. श्री हेम राज शर्मा, का.स.श्री टोक बहादुर चौधरी र श्री तारा कुमारी बम, ह.स.चा. श्री प्रकाश खनाल, तेज राम चौधरी र अविन्द्र बम तथा कुचीकार श्री रैवारी बाल्मिकीको कार्य सम्पादन स्तर सन्तोषजनक रहेकोले निजहरुको करार अवधी आ.व. २०८०/०८१ को श्रावण १ गतेदेखि पौष मसान्तसम्म **(६ महिना)** को निम्ति थप गर्ने तथा तलब भत्ताको सन्दर्भमा कुचीकार श्री रैवारी बाल्मिकीको हकमा मासिक रु. ७,५००/- र अन्यको हकमा नेपाल सरकारको समान पद र श्रेणीको शुरु तलब स्केल बराबर प्रचलित कानून बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: का.स. टोक बहादुर चौधरीलाई फिर्ता बोलाउने सम्बन्धमा ।**

**निर्णय नं. ४:** विगतमा भूमि आयोग, जिल्ला समिति, कैलालीको सचिवालय जिल्ला समन्वय समितिको कार्यालयमा रहेको अवस्थामा सचिवालयलाई व्यवस्थित गर्न आवश्यक भएको महसुस गरी कार्यालयका का.स. श्री टोक बहादुर चौधरीलाई भूमि आयोग समेत हेर्नेगरी कामकाजमा खटाइएकोमा हालको संरचनामा सचिवालय नापी कार्यालयका प्रमुख रहनेगरी संचालनमा रहेको र जि.स.स. को कार्यालयका कार्यालय सहयोगी समिति एवं कार्यालयकै निम्ति आवश्यक भएकोले निजलाई फिर्ता गरिदिन राष्ट्रिय भूमि आयोग, जिल्ला समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: जि.स.स. को कार्यालयबाट आ.व. २०७९/०८० मा भएको खर्च अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ५:** जि.स.स. को कार्यालयबाट जि.स.स. र कार्यालयको निम्ति आ.व. २०७९/०८० मा भएको खर्चको शिर्षकगत विवरण बैठकमा प्रस्तुत भएकोमा उक्त विवरणप्रति सन्तुष्ट रहँदै खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: सपिंग कम्प्लेक्सका सटर/कोठा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ६:** जिल्ला समन्वय समितिले विभिन्न मितिमा बसेका बैठकहरुको निर्णयानुसार सार्वजनिक खरिद कानून र प्रचलित विधि बमोजिम जि.स.स. कार्यालयको स्वामित्वमा रहेको सपिंग कम्प्लेक्सका कोठा नं. ९, ११, १२, १३ र १४ भाडामा लगाउन प्रक्रिया थालनी भई कोठा नं. १२ बाहेक अन्य कोठाका भाडावाल तय भैसकेकोमा कोठा नं. १२ को सन्दर्भमा अघिल्लो सूचना बमोजिमको न्यूनतम् दरमा पुनः ७ दिने सूचना प्रकाशन गरी प्रक्रियालाई निरन्तरता दिन **र सपिंग कम्प्लेक्सका केही कोठाहरुको धरौटी रकम पटक पटकको १०% भाडा वृद्धिले हालको भाडादरमा ३ महिनाको भाडालाई पनि खाम्न नसक्ने अवस्थामा पुगेकोले तिनको हकमा कम्तिमा ३ महिनाको भाडालाई खाम्ने गरी धरौटी अद्यावधिक गर्न लगाई तत्पश्चात् मात्र भाडा सम्झौता गर्न** जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

जिल्ला समन्वय समिति
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

का.वा. प्रमुख

सदस्य सचिव

**प्रस्ताव नं. ७: भोगाधिकार सिफारिस गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७:** घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. ४५०७, मिति २०८०/०३/३१ को पत्र र सोही पत्रसाथ संलग्न उक्त नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०३/२७ गतेको निर्णयबमोजिम घोडाघोडी न.पा.-२ स्थित हाल साँडेपानी स्वास्थ्य चौकी रहेको स्थानमा २५ शैयाको नगर अस्पताल निर्माणको लागि भोगाधिकार सिफारिस माग भएको सन्दर्भमा बुझ्दा उक्त जग्गा विवादित रहेको नदेखिएको एवं साविक गा.पं. संरचनादेखि नै निरन्तर नगरपालिका र साँडेपानी स्वास्थ्य चौकीकै भोगचलनमा रहेको आधारमा हाल नयाँ नापी गर्दा नापी टोलीबाट **साँडेपानी स्वास्थ्य चौकी**को नाममा नापी समेत भैसकेको बुझिएकोले तपसिल चार किल्ला र विवरण बमोजिमको जग्गा उक्त निकायको भोगचलनमा रहेको व्यहोरा अवगत गराउँदै उक्त जग्गामा प्रारम्भ भएको अस्पताल निर्माण कार्य अगाडी बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल: (चार किल्ला)**

**साँडेपानी स्वास्थ्य चौकी, साँडेपानी:**

**पूर्व:** थारु समुदायको देउथान मरुवा र कुलो,

**पश्चिम:** कित्ता नं. २५७ भित्रै नेत्र बम र यम बमको जग्गा,

**उत्तर:** नाला र

**दक्षिण:** बाटो

**(यति चार किल्लाभित्रको साविक साँडेपानी गा.वि.स., वडा नं. ५ को साविक कित्ता नं. २५७ मध्ये नयाँ नापीमा नक्सामा कायम भैसकेको क्षे.फ. ४-१६-१० विगाह जग्गा)**

का.वा. प्रमुख

सदस्य सचिव

आज मिति २०८० श्रावण २९ गते सोमबारका दिन अपरान्ह ५:१५ बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व.२०८०/०८१ को दोस्रो बैठक जि.स.स.का का.वा.समन्वय प्रमुख श्री खगराज भुषालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी बिभिन्न निर्णय गरियो ।

उपस्थिति

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. " श्री बिरख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर ताडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.क.
८. " श्री सरिता भुल
९. सदस्य सचिव, जि.स.अ. श्री धर्मराज विनाडी

आमन्त्रित

१. ना.सु. बिमल प्रकाश जोशी
२. लेखापाल गौरी बिनाडी जोशी
३. खरिदार संजिता जोशी

**प्रस्ताव नं.१: पारिश्रमिक व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं.१:** नेपाल पर्यटन बोर्डबाट प्रदेश स्तरमा संचालन हुने कार्यक्रमहरुलाई प्रदेश सरकार, स्थानीय सरकार तथा निजी क्षेत्र सहितको समन्वय/सहकार्यमा सहज एवं प्रभावकारी रुपले संचालन गर्न मुलुकका सबै प्रदेशहरुमा प्रादेशिक कार्यालय स्थापना गर्ने नीति अनुरुप जि.स.स. को कार्यालय र नेपाल पर्यटन बोर्डका बीच भएको द्विपक्षीय सम्झौता बमोजिम कार्यालय स्वामित्वमा रहेको "नारी सिल्पकला भवन" बोर्डको प्रादेशिक कार्यालय संचालन गर्न उपलब्ध गराइएकोमा मिति २०७८/०९/०५ गते कार्यालयको उदघाटन भई कार्यालय संचालन शुरु भएको सन्दर्भमा बेदकोट न.पा., वडा नं. ५, कंचनपुर बस्ने जानकी थापा र धनगढी उ.म.न.पा., वडा नं. ३ बस्ने शिवकुमार रानाले: उदघाटन समारोहका जिम्मेवार पदाधिकारीको निर्देशनमा करार सम्झौता र तलब सम्बन्धमा केही दिनपछि उपलब्ध गराउने आश्वासन दिइए अनुरुप सोही दिनदेखि हालसम्म आफूहरुले निरन्तर कामकाज गरिरहेको, शुरुवाती १५ दिन बोर्डले आफ्ना अधिकृत कर्मचारी सागर श्रेष्ठलाई समेत खटाए तापनि त्यसपछिका दिन Nepal Association of Tour & Travel Agents (NATA) सुदूरपश्चिम सँगको समन्वयमा प्रादेशिक कार्यालयको काम गरिरहेको, यस अवधिमा बोर्डबाट न त अरु कर्मचारी पठाइएको, न आफूहरुलाई छोड्न भनिएको, बोर्डबाट उक्त कार्यालय बन्दको निर्णयपनि हालसम्म नभएको जिकीर गर्दै हाजिरी प्रतिलिपी सहित "पारिश्रमिक व्यवस्थापन सम्बन्धी" संयुक्त निवेदन यस समितिका का.वा.प्रमुख ज्यूलाई सम्बोधन गरी पेश गर्नुभएको, सो व्यहोरालाई समर्थन गर्दै NATA सुदूरपश्चिमको च.नं.-, मिति २०८०/०४/२९ को पत्रबाट पारिश्रमिक व्यवस्थापन सहजीकरण गरिदिन सिफारिस सहित अनुरोध भैआएको र प्रादेशिक कार्यालय स्थापना गर्दा भवन मर्मत, उदघाटन समारोह लगायतका तात्कालिक दायित्व निर्वहनपनि उक्त संस्था मार्फत नै गरिएको भन्ने बुझिएकोले सो संस्थाको सिफारिसलाई समेत आधार मान्दै निवेदकहरुको पारिश्रमिक व्यवस्थापन सम्बन्धी गुनासोलाई सम्बोधन गरी समस्याको उचित समाधान गर्न नेपाल पर्यटन बोर्डलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: का.वा. समन्वय प्रमुखको भ्रमण स्वीकृत गर्ने सम्बन्धमा।**

**निर्णय नं. २:** जिल्ला समन्वय समितिको सातौं जिल्ला सभा र पटक पटक भएका बैठकहरुबाट भएका निर्णय कार्यान्वयनसँग सम्बन्धित विषयमा समन्वयात्मक पहल एवं सहजीकरण गर्न का.वा. प्रमुख श्री खग राज भुषालज्यू २०८० भाद्र पहिलो हप्ताभित्रको उपयुक्त समयमा काठमाडौं जानुपर्ने भएकोले सोका निम्ति वहाँको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा।**

**निर्णय नं. ३:** यस जिल्लाका विभिन्न स्थानीय तहले नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण प्रक्रिया प्रारम्भ गर्नुअघि गरिने प्रारम्भिक वातावरणीय मुल्यांकन (IEE) गर्दा उत्खनन् स्थलको वातावरणीय पक्षमा उदासिन रही "बढि परिमाण; बढि आम्दानी" तर्फ केन्द्रित भैरहेको गुनासो प्राप्त भएको सन्दर्भमा उत्खनन्, संकलन, घाटगद्दी एवं बिक्री वितरण कार्य गर्नुअघि संघीय सरकार एवं सुदूरपश्चिम प्रदेश सरकारबाट सो सम्बन्धमा पटक पटक तर्जुमा भई लागू भएका कानूनी प्रबन्धन, मापदण्ड र सो बमोजिम भएका परिपत्र प्रति संवेदनशील रही भएका व्यवस्थालाई इमान्दारीपूर्वक पालना गर्न १३ वटै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४: जग्गा हालसाविक सम्बन्धमा।**

**निर्णय नं. ४:** जिल्ला समन्वय समितिको कार्यालयको च.नं.२४६, मिति २०७९/१२/२० को पत्रबाट कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक त्रिनगर, वडा/नक्सा नं. २/२क, कि.नं. २७५, क्षे.फ. ०-४-०, २/२ख, कि.नं. ५३५,५३७, ५३९, २३ र १५३०, क्षे.फ. क्रमशः ०-२-१०, ०-४-९, ०-९-१०,०-८-१५ र ०-१-५ तथा साविक तारानगर, वडा/नक्सा नं. ४/४क, कि.नं. २००, क्षे.फ. ०-१५-० बिगाहा जग्गाको नयाँ नापी अनुसार हालसाविक गरिदिन भूमिसुधार तथा मालपोत कार्यालय, धनगढीलाई अनुरोध गरिएको सन्दर्भमा सो क्रममा उक्त कार्यालयले च.नं.९९२, मिति २०८०/०४/२८ को पत्रबाट माथि उल्लिखित कित्ताहरू मध्ये साविक त्रिनगर, वडा/नक्सा नं. २/२ख, कित्ता नं. १५३०, क्षे.फ. ०-१-५ **बमोजिम** साविक विवरण साविकै तर्फबाट उक्त ब्लकमा घुसी नापनक्सा भएका सरकारी, सार्वजनिक एवं व्यक्ति विशेषको जग्गा नघुस्ने गरी कि.का. गरी पठाइदिन नापी कार्यालयलाई अनुरोध भएकोमा नापीमा बुझ्दा हाल कायम हुने धनगढी उ.म.न.पा., वडा/सिट नं. १, ०२७-०७६८१०, कित्ता नं. १२९ मा **करिब ६८ व.मि. क्षेत्रफलको जग्गा घटी भएको** बुझिएकोले उक्त जग्गाको चौहद्दी तर्फका जग्गाको अवस्था बुझी हालसाविक वा न्यायिक निरुपण के गर्ने भन्ने कुराको बारेमा पछि निर्णयमा पुग्नेगरी **हाललाई उक्त कित्ता (साविक कि.नं. १५३०, हाल कि.नं. १२९) जग्गाको हालसाविक कार्य स्थगित गरी अन्य कित्ताको सन्दर्भमा हालसाविक गरी ज.ध. पुर्जा उपलब्ध गराइदिन** भूमिसुधार तथा मालपोत कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५: खोप पूर्णता सम्बन्धमा।**

**निर्णय नं. ५:** स्वास्थ्य कार्यालय, कैलालीको च.नं. १०८, मिति २०८०/०४/२८ गतेको पत्रबाट जानकारी भए अनुरुप समग्र जिल्ला पूर्ण खोप घोषणा भैसकेको भएतापनि सघन खोजी गर्ने क्रममा धनगढी उ.म.न.पा., वडा नं. १, पशुपति टोल क्षेत्रमा उक्त पत्रसाथ संलग्न भैआएको सूची बमोजिमका विशेष गरी मुस्लिम समुदायका बालबालिकाहरु खोपको पूर्ण मात्रा लगाउनबाट बन्चित भएको पाइएको, सोही स्थानमा गत आ.व. को पौष र माघ महिनामा दादुराको Case देखिएको र बिगतमा पटक पटक वडा अध्यक्ष ज्युलाई समेत लगी सचेतना प्रयास भएकोमा अझै उपलब्धी नदेखिएको भन्ने बुझिएकोले उ.म.न.पा. बाट सघन सचेतना अभियान संचालन गरी अब उप्रान्त खोप पूर्णताको सुनिश्चितता प्रत्याभूत गरिदिन उक्त नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध सहित पत्राचार गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

बैठक संख्या : ३/०८०-०८१
२०८०/०५/१३

आज मिति २०८० [illegible] गते मंगलबारका दिन बिहान ८:३० बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को तेस्रो बैठक जि.स.स.का का.वा. समन्वय प्रमुख श्री खगराज भुषाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न निर्णय गरियो।

उपस्थिति

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर ताडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.क.
८. " श्री स्वरिता मुल
९. सदस्य सचिव श्री धर्मराज त्रिपाठी

आमन्त्रित

१. ना.सु. बिमल प्रकाश जोशी
२. लेखापाल गौरी त्रिपाठी जोशी
३. खरिदार संजिता जोशी

**प्रस्ताव नं.१: संरचना व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं.१:** जिल्ला समन्वय समितिको कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको धनगढी न.पा., वडा नं. १, सिट नं. ०२७०७६९११, कित्ता नं. ९९, क्षेत्रफल १,०४० व.मि. को जग्गा विगतमा **"अर्को व्यवस्था नभएसम्मका लागि नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समितिलाई उपयोग गर्न"** दिइएकोमा महासंघले उक्त जग्गामा सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा कार्यालय भवन निर्माण गरी बसेको र आफ्नो भवन अगाडी दुई कोठे टिनको छाना सहितको टहरा निर्माण गर्न लगाई भाडामा लगाएको देखिएकोले उक्त टहराको व्यवस्थापन सम्बन्धमा "के गर्नु उपयुक्त हुन्छ?" अवस्था बुझी समितिको आगामी बैठकमा राय पेश गर्न यस समितिका सदस्य सचिवलाई जिम्मेवारी दिने निर्णय गरियो।

**प्रस्ताव नं. २: कानूनी प्रतिरक्षा सम्बन्धमा।**

**निर्णय नं. २:** जिल्ला समन्वय समितिका प्रमुख र जिल्ला समन्वय समितिको कार्यालय, कैलाली बादी एवं लम्की चुहा न.पा.-१ स्थित शाही कन्स्ट्रक्सन प्रा.लि. का संचालक दान बहादुर शाही प्रतिवादी हुनेगरी सर्वोच्च अदालतबाट निस्सा प्राप्त "दोहोर्याई हेरिपाऊँ पुनरावेदन मुद्धा" लगायत साविक जिल्ला विकास समिति संरचनादेखि दायित्व हस्तान्तरण भैआएका मुद्धाको कानूनी प्रतिरक्षा महान्यायाधिवक्ता एवं सो मातहतका कार्यालयबाट गरिने कानूनी व्यवस्था नभएको, जि.स.स. को कार्यालयमा उक्त प्रक्रिया सम्बद्ध शिर्षकमा बजेट नभएको सन्दर्भमा बजेट व्यवस्थापनको सम्बन्धमा विगतदेखि पटक पटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार हुँदापनि हालसम्म सो को प्रबन्ध नभएकोले पुनः एक पटक बजेट व्यवस्था वा अन्य उपयुक्त निकासका लागि उक्त मन्त्रालयको विकास समस्या समाधान समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

सदस्य सचिव    प्रमुख

**प्रस्ताव नं. ३: बजेटको शिर्षकगत बाँडफाँड सम्बन्धमा ।**

**निर्णय नं. ३:** जिल्ला समन्वय समिति र जिल्ला समन्वय समितिको कार्यालयको निम्ति संघीय सरकारबाट चालु आ.व. २०८०/०८१ का लागि एकमुष्ठ र केन्द्रबाटै तोकिएका शिर्षकमा छुट्याइएको बजेटलाई अख्तियारी तथा प्रचलित कानून बमोजिम जिल्ला समन्वय अधिकारी र आर्थिक प्रशासन शाखा प्रमुखले खर्च लेख्नेगरी तपसिल बमोजिमका शिर्षकमा विनियोजन एवं बाँडफाँड गर्ने निर्णय गरियो ।

तपसिल

| खर्च संकेत नं. | खर्च विवरण | आगामी आ.व. २०८०/०८१ को प्रस्तावित खर्च अनुमान | जम्मा |
|---|---|---|---|
| २१११११ | कर्मचारी पारिश्रमिक | ७०,७३,४००।०० | १,०९,९६,०००।०० |
| २१११३ | महंगी भत्ता | १,६८,०००।०० | |
| २११२१ | पोशाक | १,२०,०००।०० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | ३,००,०००।०० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ४,८०,०००।०० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा (यातायात, टेलिफोन, मोबाइल, समन्वय तथा सहजीकरण भत्ता, अतिथी सत्कार, खानेपानी, बिजुली तथा सरसफाई, चाडपर्व खर्च) | २८,२१,०००।०० | |
| २१२१३ | योगदानमा आधारित बिमा | ३३,६००।०० | |
| २२१११ | धारा तथा बिजुली महसुल | २,४०,०००।०० | २६,८४,०००।०० |
| २२११२ | संचार महसुल | १,००,०००।०० | |
| २२२११ | ईन्धन पदाधिकारी | ४,६५,०००।०० | |
| २२२१२ | ईन्धन कार्यालय प्रयोजन | ३,५०,०००।०० | |
| २२२१३ | सवारीसाधन मर्मत खर्च | ४,००,०००।०० | |
| २२२१४ | बिमा तथा नविकरण खर्च | १,१०,०००।०० | |
| २२२२१ | मेशिनरी औजार मर्मत सम्भार तथा संचालन खर्च | ६०,०००।०० | |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ५,००,०००।०० | |
| २२४११ | सेवा तथा परामर्श | १,८४,०००।०० | |
| २२७११ | विविध खर्च | २,२५,०००।०० | |
| २८१४३ | सवारीसाधन भाडा | ५०,०००।०० | |
| २२४१३ | करार सेवा शुल्क सचिवालय | ४,६१,०००।०० | ४,६१,०००।०० |
| २२५२२ | जिल्ला सभा तथा समिक्षा गोष्ठी | ४,०१,०००।०० | ४,०१,०००।०० |
| २२६११ | अनुगमन र मूल्यांकन खर्च | ७,९१,०००।०० | ७,९१,०००।०० |
| | जम्मा | १,५३,३३,०००।०० | १,५३,३३,०००।०० |

सदस्य सचिव

का.वा. प्रमुख

जिल्ला समन्वय समिति
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या : ४/०८०-

आज मिति २०८० साल भाद्र २७ गते बुधबारका दिन बिहान ८:०० बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को चौथो बैठक जि.स.स.का का.वा. प्रमुख श्री खगराज भुषालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नि निर्णय गरियो।

उपस्थिति

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर ताडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.क.
८. " श्री सरिता भूल
९. सदस्य सचिव श्री धर्मराज विनाडी

आमन्त्रित

१. ना.सु. बिमलप्रकाश जोशी
२. लेखापाल गौरी विनाडी जोशी
३. खरिदार संजिता जोशी

**प्रस्ताव नं.१: शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।**

**निर्णय नं.१:** संविधान सभाका अध्यक्ष (वि.सं. २०६४ र २०७० दुवै पटक) तथा हाल ईलाम जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य माननीय सुभाषचन्द्र नेम्वाङ ज्यूको हृदयघातका कारण मिति २०८० भाद्र २६ गते ७० वर्षको उमेरमा भएको दुखद एवं असामयिक निधनले (रातको १:०० बजे आफ्नै निवासको शौचालयमा अचेत अवस्थामा भेटिई राति १:५० बजे त्रि.वि. शिक्षण अस्पताल पुर्याइएकोमा तत्काल मृत घोषणा गरिएको) नेपालको राजनैतिक क्षेत्रलाई अपुरणीय क्षती भएको छ। वहाँको समन्वय एवं सन्तुलनकारी भूमिकाले नेपाली राजनीतिको महत्वपूर्ण उपलब्धी नेपालको संविधान, २०७२ हासिल भएको सन्दर्भ स्मरण गर्दै मृतात्माको चिर शान्ति एवं बैकुण्ठ बासको कामना सहित शोक सन्तप्त परिवारजनलाई दु:खको यस घडीमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: भवन उदघाटन र शिलालेख तयारी एवं व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. २:** भारतीय राजदुतावासको आर्थिक सहयोगमा साविक जिल्ला विकास समितिको कार्यालयद्वारा विगत केही वर्षअघि निर्माण सम्पन्न भई संचालनमा रहेका टिकापुर बहुमुखी क्याम्पसको क्याम्पस तथा पुस्तकालय भवनको उद्घाटन कार्य हालसम्म हुन नसकेको सन्दर्भमा नेपालका लागि भारतीय राजदूत महामहिम नविन श्रीवास्तव, यस समितिका का.वा. प्रमुख श्री खग राज भुषाल र टिकापुर नगरपालिकाका नगर प्रमुख श्री रामलाल डंगौरा थारुद्वारा मिति २०८०/०५/३१ गते आइतबारका दिन संयुक्त रुपमा उदघाटन गर्नेगरी सो को शिलालेख तयारी लगायत व्यवस्थापकीय कार्य गर्न दुतावासबाट अनुरोध भएकोमा कार्यालयको कार्यालय संचालन खर्चबाट खर्च लेख्नेगरी शिलालेख निर्माण गरी उक्त क्याम्पसलाई हस्तान्तरण गर्न र समारोह व्यवस्थापन लगायतका सम्पूर्ण कार्य आफ्नै खर्चमा सम्पन्न गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. ३: न्यूनतम भाडादर तोकी टहराको कोठा भाडामा लगाउने सम्बन्धमा ।**

**निर्णय नं. ३:** जिल्ला समन्वय समितिको कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको धनगढी न.पा., वडा नं. १, सिट नं., कित्ता नं., क्षेत्रफल को जग्गामा नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश कार्यसमितिको भवन अगाडी निर्मित दुई कोठे टिनको छाना सहितको टहरा व्यवस्थापन सम्बन्धमा राय दिन मिति २०८०/०५/१९ गते बसेको जि.स.स. बैठकबाट समितिका सदस्य सचिवलाई जिम्मेवारी दिइएकोमा वहाँबाट बैठकमा पेश भएको रायमाथि छलफल गर्दा जि.स.स. को कार्यालयका सब इन्जिनियर अमरा बडालले पेश गर्नुभएको विवरण अनुसार ६५८.५१ व.फि. क्षेत्रफलको उक्त टहराको आ.व. २०८०/०८१ को निम्ति स्वीकृत जिल्ला दररेट अनुसार (उक्त वर्ग अन्तर्गत) प्रति व.फि. रु. १९/३८ को दरले रु. १२७६१/- हुने देखिएतापनि **मूलतः मुख्य बजार क्षेत्रभित्रकै संरचना भएको हुँदा उक्त टहराको एकमुष्ठ भाडा रु. २६,०००/- हुनेगरी न्यूनतम भाडादर निर्धारण** गरी भाडामा लगाउने प्रक्रिया प्रारम्भ गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: जग्गा हालसाविक सम्बन्धमा ।**

**निर्णय नं. ४:** जिल्ला समन्वय समितिको कार्यालयको च.नं.२४६, मिति २०७९/१२/२० को पत्रबाट कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक त्रिनगर, वडा/नक्सा नं. २/२ख, कि.नं. १५३०, क्षे.फ. ०-१-५ बिगाहा जग्गा समेतको नयाँ नापी अनुसार हालसाविक प्रक्रिया अगाडी बढाइ सो सम्बन्धमा नापीमा बुझ्दा उक्त कित्ताको हाल कायम हुने धनगढी उ.म.न.पा., वडा/सिट नं. १, ०२७-०७६८१०, कित्ता नं. १२९ मा करिब ६८ व.मि. जग्गा घटी भएको बुझिएकोले उक्त जग्गाको चौहद्दी तर्फका जग्गाको अवस्था बुझी हालसाविक वा न्यायिक निरुपण के गर्ने भन्ने कुराको बारेमा यस समितिको आगामी बैठकमा प्रतिवेदन पेश गर्न तपसिल बमोजिम सदस्य रहनेगरी उप समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. संयोजक: जि.स.स. सदस्य श्री बिर्ख बहादुर बुढा

२. सदस्य: जि.स.स. सदस्य श्री भावना चौधरी

३. सदस्य सचिव: जि.स.अ. श्री धर्म राज विनाड़ी

सदस्य सचिव    का.वा. प्रमुख

बैठक संख्या: ५/०८०-०८

आज मिति २०८० साल आश्विन १६ गते मंगलबारका दिन बिहान ८:३ बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को पाँचौं बैठक जि.स.स.का का.वा. प्रमुख श्री खगराज भुषाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी विभिन्न निर्णय गरियो।

**उपस्थिति**

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेजबहादुर चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर ताडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.क.
८. " श्री सरिता भुल
९. सदस्य सचिव श्री धर्मराज विनाडी

**आमन्त्रित**

१. ना.सु. बिमल प्रकाश जोशी
२. लेखापाल गौरी विनाडी जोशी
३. सब इन्जिनियर श्री अमर बडाल

**प्रस्ताव नं.१: थप जिम्मेवारीको निम्ति अनुरोध गर्ने सम्बन्धमा।**

**निर्णय नं.१:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयं (संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा), सिंहदरबार, काठमाडौंको च.नं. ७९४, मिति २०८०/०६/१२ को पत्र एवं निर्णयानुसार जिल्ला समन्वय समितिको कार्यालय, कैलालीका जिल्ला समन्वय अधिकारी (रा.प. द्वितीय श्रेणी) श्री धर्म राज विनाडीलाई गौरीगंगा न.पा., नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाउँदा यस कार्यालयमा कार्यालय प्रमुखको पद रिक्त भएको सन्दर्भमा विगतमा निजको कामप्रतिको इमान्दारिता, लगनशिलता तथा समर्पणभावलाई स्मरण गर्दै जि.स.स. कार्यालयको सामान्य कार्य चाप एवं जिल्ला सदरमुकामसँगै जोडिएको गौरीगंगाको भौगोलिक अवस्थिति लगायत कारणले निजलाई यस समितिको कार्यालयको जि.स.अ. को कामकाज समेत गर्नेगरी जिम्मेवारी तोकिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: भवन खाली गराउने सम्बन्धमा।**

**निर्णय नं. २:** जि.स.स.को कार्यालयको स्वामित्वमा रहेका धनगढी न.पा., वडा नं. १, नक्सा सिट नं. ०२७०७२८२४ र ०२७०७६९०१, कित्ता नं. क्रमशः १५ र ७ मा निर्मित क्रमशः साविकमा नारी शिल्पकला भवन र जि.स.स. क्वार्टरको रुपमा परिचित भवनहरु विभिन्न सन्दर्भवश नेपाल पर्यटन बोर्डको प्रादेशिक कार्यालय स्थापना र कोरोना अस्थायी अस्पताल संचालन प्रयोजनका लागि सरोकारवाला संस्थालाई उपलब्ध गराइएकोमा नेपाल पर्यटन बोर्डले संस्था संचालनमा देखाएको उदासिनता, कार्यालय रेखदेख गर्न खटाइएका कर्मचारीलाई स्थापनाकालदेखि हालसम्म नियुक्ति तथा पारिश्रमिक समेत नदिई झुलाएको अवस्था एवं विद्युत पानी महसुल भूक्तानीमा गरिएको लापरबाही जस्ता कारणले र सेती प्रादेशिक अस्पताललाई कोरोना महामारीको अन्त्य भएको घोषणा नेपाल सरकारबाट भैसकेको एवं हाल अस्पताल संचालन समेत नभई रहेको कारण अस्पतालको हकमा ७ दिनभित्र जि.स.स.को क्वार्टर खाली गरिदिन अस्पताल व्यवस्थापनलाई अनुरोध गर्न र पर्यटन बोर्डको हकमा ३ दिनभित्र ताला लगाई विद्युत/खानेपानी महसुलको हिसाब फरकफारक भएपछि नेपाल पर्यटन बोर्डका प्रतिनिधिलाई कार्यालयमा भएका सामग्री हस्तान्तरण लिन पत्राचार गरी समस्या व्यवस्थापन गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

आज मिति २०८० साल आश्विन ३० गते मंगलबारका दिन बेलुका ५:१५ बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को छैठौं बैठक जि.स.स. का का.वा. प्रमुख श्री खगराज भुषाल ज्यूको अध्यक्षता तपसिल बमोजिमको उपस्थितिमा बसी बिभिन्न निर्णय गरियो।

उपस्थिति

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर ताडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.क.
८. " श्री सरिता मुल
९. सदस्य सचिव श्री धर्मराज तिवाडी

आमन्त्रित

१. ना.सु. बिमल प्रकाश जोशी
२. ले.पा. गौरी तिवाडी जोशी
३. सबइन्जिनियर श्री अमर बडाल

**प्रस्ताव नं. १: जग्गा हालसाविक सम्बन्धमा।**

**निर्णय नं. १:** जिल्ला समन्वय समितिको कार्यालयको च.नं.२४६, मिति २०७९/१२/२० को पत्रबाट कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक त्रिनगर, वडा/नक्सा नं. २/२ख, कि.नं. १५३०, क्षे.फ. ०-१-५ बिगाहा जग्गा समेतको नयाँ नापी अनुसार हालसाविक प्रक्रिया अगाडी बढाइ सो सम्बन्धमा नापीमा बुझ्दा उक्त कित्ताको हाल कायम हुने धनगढी उ.म.न.पा., वडा/सिट नं. १, ०२७-०७६८१०, कित्ता नं. १२९ मा करिब ६८ व.मि. जग्गा घटी भएको बुझिएको, सो सन्दर्भमा जि.स.स. को कार्यालयबाट च.नं. ६६, मिति २०८०/०६/०९ गतेको पत्र मार्फत "उक्त जग्गासँग सम्बन्धित ब्लकका सम्पूर्ण कित्ताहरूको क्षेत्रफल साविकभन्दा घटबढ भए/नभएको खुल्नेगरी विवरण" माग गरिएकोमा नापी कार्यालय, धनगढीको च.नं. १७२, मिति २०८०/०६/१५ गतेको पत्रबाट साविक कित्ता नं. १५३० सँग जोडिएका कित्ताहरुको क्षेत्रफल सहितको विवरण उल्लेख गरी चौहद्दीमा रहेका कित्ताका जग्गाहरु नक्सा श्रेस्ता अनुसार हाल बढी कायम नरहेको जवाफ प्राप्त भएको, सोही सन्दर्भमा विगतको अवस्था बुझ्दा उक्त जग्गाको साविक कित्ता नं. ४८५, क्षे.फ. ०-५-१० को जग्गा नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०५८/०४/२५ को निर्णय बमोजिम विगतदेखि नै भोगचलन गरिआएका विभिन्न व्यक्तिहरुलाई तोकिए बमोजिमको मूल्य लिई बिक्री गर्ने निर्णय भए अनुरुप अन्य जग्गा राजिनामा पारित गरी सम्बन्धितलाई उपलब्ध गराइ सकिएको, सो निर्णय अनुसार कित्ता नं. १५३० समेत माथि उल्लेख भए बमोजिमका विगतदेखिका भोगाधिकारी मध्येका व्यक्तिलाई नै बिक्री गर्नुपर्ने जग्गा रहेको बुझिएको र उक्त जग्गामा घर निर्माण समेत भएकोले हालसम्म जि.स.स. (साविक संरचना जि.वि.स.) को कार्यालयकै नाममा यथावत कायम रहेको बुझिएकोले उल्लिखित सन्दर्भ र ६८ व.मि. घटी जग्गाको अवस्था समेतको आधारमा उक्त कित्ता प्रस्तुत परिवेशमै हालसाविक गर्ने/नगर्ने बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत निर्देशन माग गरी सोही निर्देशन बमोजिम हालसाविक सम्बन्धी निष्कर्षमा पुग्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: भोगाधिकार सिफारिस गर्ने सम्बन्धमा।**

**निर्णय नं. २:** मिति २०८०/०३/१० र मिति २०८०/०३/२० गते बसेको यस समितिको आ.व. २०७९/०८० को सोह्रौं एवं सत्रौं बैठकको निर्णय अनुसार जोशीपुर गा.पा., गाउँ कार्यपालिकाको कार्यालय लगायतको भोगाधिकार रहेको जग्गाको भोगचलन सिफारिस गरिएकोमा जोशीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं., मिति २०८०/०६/२९ को पत्र र सोही पत्रसाथ संलग्न उक्त गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०५/२९ गतेको निर्णय बमोजिम जोशीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ४ नं. वडा कार्यालय र जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्रको भोगचलन सिफारिस तपसिल बमोजिम संशोधन तथा थप गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**तपसिल: (चार किल्ला)**

**(क) जोशीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय:**

पूर्व: पक्की बाटो,

पश्चिम: ऐलानी जग्गा,

उत्तर: ऐलानी जग्गा

दक्षिण: चलनचल्तीको पक्की बाटो

**(यति चार किल्लाभित्रको जोशीपुर गा.पा.-१ स्थित साविक मुढ्ढि गा.वि.स., वडा नं. ३ को कित्ता नं. ६८८ मध्ये प्रस्तावित नक्सामा देखाए बमोजिम भोगचलन गर्दै आइरहेको क्षे.फ. ०-१८-१५ विगाह जग्गा)**

**(ख) प्राथमिक स्वास्थ्य केन्द्र, जोशीपुर**

पूर्व: ऐलानी जग्गा र चलनचल्तीको बाटो,

पश्चिम: बाटो र नाला,

उत्तर: ऐलानी जग्गा तथा

दक्षिण: कच्ची बाटो

**(यति चार किल्लाभित्रको जोशीपुर गा.पा.-२ स्थित साविक मुढ्ढि गा.वि.स., वडा नं. ५ को कित्ता नं. ४९० मध्ये प्रस्तावित नक्सामा देखाए बमोजिम भोगचलन गर्दै आइरहेको क्षे.फ. १-१७-० विगाह जग्गा)**

**(ग) जोशीपुर गा.पा., ४ नं. वडा कार्यालय**

पूर्व: पक्की बाटो र ऐलानी जग्गा,

पश्चिम: कच्ची बाटो,

उत्तर: पक्की बाटो

दक्षिण: ऐलानी जग्गा

**(यति चार किल्लाभित्रको जोशीपुर गा.पा.-४ स्थित साविक नवलपुर गा.वि.स., वडा नं. ७ को कित्ता नं. १३६, ४७९ र २२१ मध्ये प्रस्तावित नक्सामा देखाए बमोजिम भोगचलन गर्दै आइरहेको क्षे.फ. क्रमशः ०-०-८, ०-३-० र ०-०-१७ विगाह गरी जम्मा ०-४-५ विगाह जग्गा)**

आज मिति २०८० साल कार्तिक १९ गते आइतबारका दिन बिहान ९:०० बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को सातौं बैठक जि.स.स. का का.वा. प्रमुख श्री खगराज भुषाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी बिभिन्न निर्णय गरियो।

**उपस्थिति**

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज ब. चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर ताडी
५. " श्री जानकी देवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु बि.क.
८. " श्री सरिता भुल
९. सदस्य सचिव श्री बिमल प्रकाश जोशी, नि.जि.स.अ.

**आमन्त्रित**

१. लेखापाल गौरी बिनाडी जोशी
२. इन्जिनियर अमरा बडाल

**प्रस्ताव नं.१: मृतकहरु प्रति श्रद्धाञ्जली एवं घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमा।**

**निर्णय नं.१:** जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भएर मिति २०८० कार्तिक १७ गते राति ११ बजेर ४७ मिनेटमा गएको ६.४ म्याग्नीच्युडको भूकम्प तथा त्यसपछिका पराकम्पनले मूलतः रुकुम पश्चिम र जाजरकोट जिल्लामा जनधनको ठूलो क्षती भएको, घाइते तथा मृतकहरुको संख्या अत्याधिक रहेको एवं सयौं व्यक्ति घरबार विहीन भएको खबरले मर्माहत हुँदै उक्त महा विपत्तिमा ज्यान गुमाउनु हुने नल्गाड न.पा., जाजरकोटकी उप प्रमुख सरिता सिंह लगायत सम्पूर्ण मृतकहरुप्रति श्रद्धासुमन अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना सहित घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको निम्ति ईश्वरसँग प्रार्थना गर्दै शोक तथा प्रार्थना प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: नेतृत्व विकास, अनुगमन सुपरिवेक्षण सम्बन्धी क्षमता विकास तालिममा सहभागिता सम्बन्धमा।**

**निर्णय नं. २:** सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको च.नं. १९६, मिति २०८०/०७/१७ गतेको पत्रानुसार उक्त प्रतिष्ठानको आयोजनामा जिल्ला समन्वय समिति पदाधिकारी एवं जिल्ला समन्वय अधिकारी का लागि मिति २०८०/०७/२२ देखि ७/२४ गतेसम्म महेन्द्रनगर, कन्चनपुर स्थित सिद्धार्थ होटेलमा संचालन हुने "नेतृत्व विकास, अनुगमन, सुपरिवेक्षण भूमिका र जिम्मेवारी सम्बन्धी क्षमता विकास तालिम" मा यस समितिका का.वा. प्रमुख सहित सम्पूर्ण पदाधिकारी तथा योजना शाखा प्रमुख सब इन्जिनियर श्री अमरा बडाल (विशेष कारणबस जि.स.अ. र नि.जि.स.अ. ले सहभागिता जनाउन असमर्थ हुने भएकोले) ले मिति २०८०/०७/२१ गतेदेखि लागू हुनेगरी सहभागी हुने निर्णय गरियो।

बैठक संख्या: ८/२०८०-०

आज मिति २०८० साल मंसिर ५ गते बिहान ८:१५ बजे (मंगलबारको दिन) जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को आठौं बैठक जि.स.स.का का.वा. प्रमुख श्री खगराज भुसालज्यूको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा बसी विभिन्न निर्णय गरियो।

उपस्थिति

१. का.वा. प्रमुख श्री खगराज भुसाल
२. सदस्य श्री तेजबहादुर चन्द
३. " श्री विर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र ब. ताडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु बि.क.
८. " श्री सरिता मल्ल
९. सदस्य सचिव श्री धर्मराज बिताडी

आमन्त्रित

१. ना.प्र. बिमलप्रकाश जोशी
२. लेखापाल गौरी बिनाडी जोशी
३. खरिदार संजिता जोशी

**प्रस्ताव नं.१: जिल्ला समन्वय समिति, कैलालीको आठौं जिल्ला सभा सम्बन्धमा।**

**निर्णय नं.१:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९६(१) बमोजिम जिल्ला समन्वय समिति, कैलालीको आठौं जिल्ला सभा मिति २०८० मंसिर १५ गते शुक्रबारका दिन बिहान १०:०० बजेदेखि चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घरखेडाको सभाहलमा गर्नको निम्ति सभा आह्वान सहित आवश्यक व्यवस्थापकीय तयारी गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने तथा जिल्ला सभाको उद्घाटन सत्रमा सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री कमल बहादुर शाहलाई प्रमुख अतिथीको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: जिल्ला स्तरीय Safe House संचालन सम्बन्धी कार्यशाला सम्बन्धमा।**

**निर्णय नं. २:** महिला पुनर्स्थापना केन्द्र (ओरेक), कैलालीको च.नं. १९५, मिति २०८०/०८/०४ को पत्रबाट अनुरोध भैआए अनुरुप उक्त संस्थाको आयोजनामा मिति २०८०/०८/०८ गते शुक्रबारका दिन बिहान ११:०० बजेदेखि जि.स.स. को जिल्ला सभा हलमा "कैलाली जिल्लामा जिल्ला स्तरको सुरक्षा आवास (Safe House) संचालनको विषयमा १३ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उप प्रमुख/उपाध्यक्ष र जिल्ला स्तरका सरोकारवाला हरुसँग १ दिने कार्यशाला" आयोजना गर्नेगरी ओरेक नेपाललाई सहमती दिंदै उक्त कार्यशालाको निम्ति सरोकारवालालाई पत्राचार गर्न जि.स.स. को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. ३: टहरा एवं सपिंग कम्प्लेक्सको कोठा नं. १२ भाडामा लगाउन पुनः सूचना प्रकाशन सम्बन्धमा ।**

**निर्णय नं. ३:** जिल्ला समन्वय समितिको कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको धनगढी न.पा., वडा नं. १, सिट नं. ०२७०७६९११, कित्ता नं. ९९, क्षेत्रफल १०४०.०० व.मि. को जग्गामा नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश कार्यसमितिको भवन अगाडी निर्मित **दुई कोठे टिनको छाना सहितको** टहरा भाडामा लगाउन् मिति २०८०/०६/१८ गते अनुमोदन राष्ट्रिय दैनिकमा १५ दिने सूचना प्रकाशन गरिएकोमा ३ वटा प्रस्ताव (BOQ) बिक्री हुँदा समेत एउटापनि दर्ता नगरिएको र जि.स.स. कै स्वामित्वमा रहेको प्रदेश सभा अघिको **सपिंग कम्प्लेक्सको कोठा नं. १२** भाडामा लगाउन गत आ.व. को अन्त्यमा दुई पटकसम्म सूचना प्रकाशन गर्दा समेत एउटापनि प्रस्ताव (BOQ) बिक्री नभएको सन्दर्भमा साविक सूचनामा उल्लेख भएकै न्यूनतम् भाडादर कायम गरी भाडामा लगाउनको निम्ति पुनः सूचना प्रकाशन गरी प्रक्रियालाई निरन्तरता दिन *(प्रस्ताव नपरेमा यो प्रक्रियालाई पुनः एक पटकलाई अगाडी बढाउने; त्यसपछि पनि नपरेमा त्यस लगत्तै बस्ने जि.स.स. बैठकबाट उपयुक्त निर्णय लिनेगरी)* जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

बैठक संख्या: ९/२०८०-०८१

आज मिति २०८० साल मंसिर १४ गते बिहान ८:१५ बजे (बिहिबार) जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१ को ~~आठौं~~ नवौं बैठक जि.स.स.का का.वा. प्रमुख श्री खगराज भुषाल ज्यूको अध्यक्षता, संलग्नित बमोजिमको उपस्थितिमा बसी बिभिन्न निर्णय गरियो।

**उपस्थिति**

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर बाडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.के.
८. " श्री सरिता मल्ल
९. सदस्य सचिव श्री धर्मराज विनाडी

**आमन्त्रित**

१. ना.सु. बिमलप्रकाश जोशी
२. लै.पा. गौरी विनाडी जोशी
३. खरिदार संजिता जोशी

**जि.स. स. को मिति २०८०/०८/१४ गते बसेको चालु आ.व. को नवौं बैठकका निर्णयहरु**

**प्रस्ताव नं. १: यातायात खर्च एवं जिल्ला सभाको बजेट शिर्षकगत बाँडफाँड सम्बन्धमा।**

**निर्णय नं. १:** चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घरखेडामा हुने जिल्ला समन्वय समिति, कैलालीको आठौं जिल्ला सभामा सहभागी हुने आमन्त्रित तथा सहभागीहरु मध्ये चुरे गा.पा. भित्रका जनप्रतिनिधिको हकमा जनही रु. १,०००/-, अन्य स्थानीय तहबाट सहभागिता जनाउने जनप्रतिनिधि एवं जिल्ला समन्वय समिति सदस्यहरुको हकमा जनही रु. १,५००/- यातायात खर्च स्वरूप उपलब्ध गराउने, जि.स.स. का.वा. प्रमुख लगायत कर्मचारीको टिम तयारीको निम्ति बढी अवधी खट्नुपर्ने भएकोले निजहरुलाई नियमानुसार दै.भ्र.भ. उपलब्ध गराउने तथा जिल्ला सभा सहभागी एवं कर्मचारीहरुलाई १/१ थान ल्यापटप ब्याग, डायरी तथा पाइलट पेन सहितको स्टेशनरी प्याक उपलब्ध गराउनुको साथै जिल्ला सभाको निम्ति विनियोजित बजेटको शिर्षकगत बाँडफाँड गरी आवश्यकता अनुसार खर्च गर्ने अधिकार जिल्ला समन्वय समितिको कार्यालयलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

क्रमश:

**प्रस्ताव नं. २ : आठौं जिल्ला सभाको निम्ति प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २ :** जिल्ला समन्वय समितिको मिति २०८०/०८/०५ गते बसेको चालु आ.व. को आठौं बैठकको निर्णय र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९६(१) बमोजिम मिति २०८०/०८/१५ गते विहान १०:०० बजे चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घरखेडाको हलमा संचालन हुने जिल्ला समन्वय समिति, कैलालीको आठौं जिल्ला सभामा निर्णयार्थ पेश गर्न तपसिल बमोजिमका प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

- **मानव अधिकार कार्ययोजना कार्यान्वयन समिति गठन सम्बन्धमा ।**
  (जिल्ला समन्वय समिति गठन गरी स्थानीय तह स्तरीय समन्वय समिति गठन गर्न अनुरोध गर्ने, प्रतिवेदन गर्ने)
- **नदीजन्य पदार्थको IEE तथा ठेक्का व्यवस्थापन सम्बन्धमा ।**
  (IEE प्रतिवेदन प्रणालीमा सुधार, प्रदेश सरकारबाट अनुसूचिमा उल्लिखित प्रति घ.मि. दर संशोधन : ऐन निर्माणको निम्ति संघ तथा प्रदेश सरकारलाई अनुरोध)
- **नदीजन्य पदार्थ अनुगमन लगायतको निम्ति प्रशासनिक खर्च व्यवस्थापन सम्बन्धमा ।**
  (कानूनी दफा सहित निर्णय लेखी स्थानीय तहलाई पत्राचार गर्ने)
- **सीमा विवाद समाधानार्थ जि.स.स. बाट भएको निर्णय शीघ्र टुंगोमा पुर्याउने सम्बन्धमा ।**
- **धनगढी उ.म.न.पा. लाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**
  (धनगढी न.पा., वडा नं. १, सिट नं. ०२७०७२८२४, कित्ता नं. १४ र १५, क्षे.फ. क्रमशः ११४०.२० र १५७७.८० व.मि. जग्गा साविक RNAC र नारी शिल्पकला भवन भएको जग्गा)
- **जि.स.स. को कार्यालयमा महिला विकास र आर्थिक योजना तथा तथ्यांक तर्फ नयाँ दरबन्दी सृजना गर्ने सम्बन्धमा ।** (जिल्ला स्तरीय महिला, बालबालिका, जेष्ठ नागरिक तर्फको सवाललाई प्रभावकारी बनाउँदै नियमन, अनुगमन र प्रतिवेदन प्रणाली प्रवर्द्धन गर्न तथा समग्र तथ्यांक अभिलेखन प्रणालीलाई चुस्त दुरुस्त बनाई जिल्ला पार्श्वचित्रको अभाव पूर्ति गर्न)
- **बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापन सम्बन्धमा ।**
- **जि.स.स. सम्बद्ध मुद्धाहरुको कानूनी प्रतिरक्षार्थ कानूनी सल्लाहकार व्यवस्थापन सम्बन्धमा ।**
- **भूमि समस्या समाधानार्थ गठित आयोगको कामलाई थप प्रभावकारी बनाउने सम्बन्धमा ।**
  (जग्गा नापजाँच एवं पूर्जा वितरण प्रक्रियालाई तीव्रता दिनेगरी स्थानीय तहले समन्वय एवं सहजीकरण प्रणालीलाई सुदृध पार्ने; यस कार्यलाई प्राथमिकतामा राखी काम गर्न स्थानीय तहलाई अनुरोध गर्ने)
- **मौज्दात कोष अन्तर्गत स्वतः रद्ध भएका योजना सम्पन्न एवं फरक फारक सम्बन्धमा ।**
  (सातौं जिल्ला सभाको निर्णयानुसार स्वतः रद्ध भएका योजना पूर्णताको दायित्व सम्बन्धित स्थानीय तहले बहन गर्ने र हालसम्म निकामा भए बमोजिमको खर्चको हिसाब फरकफारक एवं फछ्र्यौट गर्ने)
- **सुशासन प्रवर्द्धन र स्थानीय तहको मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउने सम्बन्धमा ।**
  (LISA, FRA र LED लगायत मूल्यांकन प्रणालीलाई समयमै प्रविष्टी एवं uploading सम्पन्न गर्ने )
- **नागरिकता लगायत जिल्ला प्रशासन कार्यालयमा गरिने सिफारिसमा एकरुपता एवं सुधारका लागि स्थानीय तह स्तरीय अभिमुखीकरण कार्यक्रम संचालन सम्बन्धमा ।**
  (प्रमुख जिल्ला अधिकारी सहितको घुम्ती टोलीबाट अभिमुखीकरण गर्ने, समय एवं बजेट व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्ने प्रवन्ध मिलाउन अनुरोध गर्ने)
- **अन्तर स्थानीय तह समन्वय घुम्ती बैठक संचालन गर्ने सम्बन्धमा ।**
  (प्रत्येक बैठकमा संघीय सरकारको प्रतिनिधिको रुपमा प्र.जि.अ. र प्रदेश सरकारको प्रतिनिधिको रुपमा मुख्यमन्त्री कार्यालयका उच्च पदस्थ अधिकारीलाई आमन्त्रण गर्ने र जुन स्थानीय तहमा बैठक बस्ने हो; त्यही स्थानीय तहले खर्च व्यहोर्ने गरी )
- **कार्यविधी पारित गरी लागू गर्ने सम्बन्धमा ।**
  (जिल्ला स्तरीय महिला लक्षित सुरक्षित आवास गृह संचालन कार्यविधी,२०८० एवं जिल्ला समन्वय समितिको समन्वय तथा अनुगमन कार्यविधी,२०८०) : अर्को व्यवस्था नभएसम्म धनगढी उ.म.न.पा. ले संचालन गरेको Safe House लाई नै जिल्ला स्तरीय सुरक्षित आवासको रुपमा उपयोग गर्ने; स्थानीय तहको तोकिए बमोजिमको लागत योगदानको व्यवस्था गर्ने ।
- **आन्तरिक श्रोतको उपयोग जि.स.स. ले गर्न पाउने गरी नीतिगत निर्णयको निम्ति संघीय सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।**
- **जिल्ला समन्वय समिति बैठकका निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**
- **गत विगत बैठकहरु एवं जिल्ला सभाका निर्णय कार्यान्वयन सम्बन्धमा ।**
- **सभामा उठेका अन्य विविध विषय ।**

बैठक संख्या: १०/२०८०-०८१

आज मिति २०८० साल पौष २ गते सोमबारका दिन बिहान ८:१५ बजे जिल्ला समन्वय समिति, कैलालीको आ.व. २०८०/०८१को दशौं बैठक जि.स.स.का का.वा. प्रमुख श्री खगराज भुषाल ज्यूको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भई निम्न निर्णय गरियो।

उपस्थिति

१. का.वा. प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. " श्री बिर्ख बहादुर बुढा
४. " श्री लोकेन्द्र बहादुर वडी
५. " श्री जानकीदेवी चौधरी
६. " श्री भावना चौधरी
७. " श्री दिलु वि.क.
८. " श्री सरिता मुल
९. सदस्यसचिव श्री बिमल प्रकाश जोशी, नि.जि.स.अ.

आमन्त्रित

१. लेखापाल गौरी विनाडी जोशी
२. सबइन्जिनियर अमरा बडाल
३. खरिदार संजिता जोशी

जि.स. स. को मिति २०८०/०९/०२ गते बसेको चालु आ.व. को दशौं बैठकका निर्णयहरु

**प्रस्ताव नं.१: वार्षिक प्रगति समिक्षा सम्बन्धमा ।**

**निर्णय नं.१:** जिल्ला समन्वय समितिको कार्यालय, विकास निर्माण सम्बन्धी जिल्ला स्तरीय विषयगत कार्यालय र कैलाली जिल्लाका सम्पूर्ण स्थानीय तहको आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षा एवं अनुभव आदानप्रदान गोष्ठी मिति २०८० पौष ६ गते शुक्रबारका दिन विहान ९:०० बजेदेखि धनगढी-५, तारानगर स्थित देव तालिम केन्द्रमा गर्नको निम्ति पत्राचार सहित आवश्यक व्यवस्थापकीय तयारी गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने तथा उक्त गोष्ठीको उद्घाटन सत्रमा सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री कमल बहादुर शाहलाई प्रमुख अतिथी र कैलाली जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि/राष्ट्रिय सभा सदस्य, प्रदेश सरकारमा प्रतिनिधित्व गर्नुहुने माननीय मन्त्री, सु.प. प्रदेश सभाका उप सभामुख एवं प्रदेश सरकारका राज्यमन्त्री ज्यूहरुलाई विशिष्ट अतिथीको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : न्यूनतम् भाडादर पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २ :** जिल्ला समन्वय समितिको कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको प्रदेश सभा अघिको सपिंग कम्प्लेक्सको कोठा नं. १२ प्रति महिना रु. १७०६१/- को पुनरावलोकित दरले भाडामा लगाउन तेश्रो पटकसम्म सूचना प्रकाशन गर्दा समेत एउटापनि प्रस्ताव (BOQ) बिक्री नभएको सन्दर्भमा साविकमा तोकिएको न्यूनतम् भाडादरमा १०% (रु. १,७०६/-) ले घटाई प्रति महिना रु. १५,३५५/- (पन्ध्र हजार तीन सय पचपन्न रुपैयाँ मात्र) कायम हुनेगरी न्यूनतम् भाडादर कायम गरी कोठा भाडामा लगाउन पुनः सूचना प्रकाशन सहित प्रक्रियालाई निरन्तरता दिन जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: कानूनी सल्लाहकार व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. २:** जिल्ला समन्वय समितिका प्रमुख र जिल्ला समन्वय समितिको कार्यालय, कैलाली बादी एवं लम्की चुहा न.पा.-१ स्थित शाही कन्स्ट्रक्सन प्रा.लि. का संचालक दान बहादुर शाही प्रतिवादी हुनेगरी सर्वोच्च अदालतबाट निस्सा प्राप्त "दोहोर्याई हेरिपाऊँ पुनरावेदन मुद्धा" लगायत साविक जिल्ला विकास समिति संरचनादेखि दायित्व हस्तान्तरण भैआएका मुद्धाको कानूनी प्रतिरक्षा महान्यायाधिवक्ता एवं सो मातहतका कार्यालयबाट गरिने कानूनी व्यवस्था नभएको, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सो विषयमा रांय माग गर्दा कुनै सुनुवाई नभएको, जि.स.स. को कार्यालयमा उक्त प्रक्रिया सम्बद्ध शिर्षकमा बजेट नभएको सन्दर्भमा जि.स.स., कैलालीको मिति २०८०/०८/१५ गते सम्पन्न आठौं जिल्ला सभाको निर्णय नं. ८ बाट प्रत्यायोजित अधिकार बमोजिम ***"जिल्ला समन्वय समितिको मिति २०७६/०४/२१ मा सम्पन्न ४० औं बैठकको निर्णय नं. २ अनुसार धनगढी उ.म.न.पा., वडा नं. १ बस्ने अधिवक्ता श्री पदम राज शर्मा (प्रमाणपत्र नं. ५५६९) लाई कानूनी सल्लाहकार नियुक्त गरी आ.व. २०७६/०७७ को अन्त्यसम्म*** *उपरोक्त सहित जि.स.स. पक्ष भएका मुद्धाहरुमा कानूनी प्रतिरक्षा/पैरवी गरेको अवस्थालाई समेत* ***मध्यनजर गर्दै"*** जि.स.स. पक्ष भएका मुद्धाहरुका सन्दर्भमा जानकारी भएका तथा निस्सा पाउने ठहर भएको उपरोक्त मुद्धामा बहसपनि गरेका निज पदम राज शर्मालाई आजैका मितिदेखि लागू हुने र सेवा तथा परामर्श शिर्षकबाट खर्च लेख्नेगरी मासिक रु. ७,५००/- पारिश्रमिक दिने एवं बहस पैरवी गर्न जाँदा नेपाल सरकारको प्रचलित कानून बमोजिम राजपत्रांकित तृतीय श्रेणीको अधिकृतलाई भूक्तानी हुने दरमा दै.भ्र.भ. उपलब्ध गराउने गरी हाललाई चालु आ.व. को बाँकी अवधीसम्मका लागि जिल्ला समन्वय समितिको कानूनी सल्लाहकार नियुक्त गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४: जिल्ला समन्वय अधिकारी क्वार्टर भवन मर्मत सम्भार सम्बन्धमा।**

**निर्णय नं. ४ :** जि.स.स. कार्यालय परिसरभित्र निर्मित जि.स.अ. क्वार्टरको छत चुहिने भई मर्मत सम्भार गर्नुपर्ने देखिएकोले उक्त छत र कार्यालयभित्र सामान्य मर्मत सम्भार गर्नुपर्ने आइटम समेटी लागत अनुमान तयार गरी मौज्दात कोषबाट उक्त कार्य गराउन जि.स.स. मौज्दात कोष व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

बैठक संख्या: ११/०८०/०८१

आज मिति २०८० साल माघ ४ गते बिहिवारका दिन बिहान ८:३० बजे जिल्ला समन्वय समिति, कैलालीको चालु आ.व.को एघारौं बैठक जि.स.स.का का.वा. प्रमुख श्री खगराज भुषालज्यूको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भई विभिन्न निर्णय गरियो।

तपसिल

१. का.वा.प्रमुख श्री खगराज भुषाल
२. सदस्य श्री तेज बहादुर चन्द
३. 〃 श्री बिर्ख बहादुर बुढा
४. 〃 श्री लोकेन्द्र बहादुर ताडी
५. 〃 श्री जानकीदेवी चौधरी
६. 〃 श्री भावना चौधरी
७. 〃 श्री दिलु वि.के.
८. 〃 श्री सरिला भूल
९. सदस्य सचिव श्री बिमलप्रकाश जोशी, नि.नि.अ.

आमन्त्रित

१. सब इन्जिनियर श्री अमरा बडाल
२. खरिदार श्री संजिता जोशी
३. का.स. श्री टोक बहादुर चौधरी

**जि.स. स. को मिति २०८०/१०/०४ गते बसेको चालु आ.व. को एघारौं बैठकका निर्णयहरु**

**प्रस्ताव नं. १: करार कर्मचारीको म्याद थप सम्बन्धमा।**

निर्णय नं. १: जिल्ला समन्वय समितिको निजी सचिवालय र जिल्ला समन्वय समितिको कार्यालयमा विगत देखि करार सेवामा कार्यरत ना.सु. श्री हेम राज शर्मा, का.स.श्री टोक बहादुर चौधरी, श्री तारा कुमारी बम र कुचीकार श्री रैबारी बाल्मिकीको कार्य सम्पादन स्तर सन्तोषजनक रहेकोले निजहरुको करार अवधी आ.व. २०८०/०८१ को माघ १ गतेदेखि असाढ मसान्तसम्म (६ महिना) को निम्ति थप गर्ने तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११४, मिति २०८०/०९/१६ को पत्रबाट जानकारी भए अनुरुप जि.स.स. कार्यालयको संगठन तथा दरबन्दी तेरिज संशोधन सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८०/०६/१६ को निर्णयानुसार ह.स.चा. को १ दरबन्दी घटी २ मात्र कायम भएको सन्दर्भमा श्री प्रकाश खनाल, तेज राम चौधरी र अविन्द्र बमको करार अवधी थप गर्ने सवालमा निजहरुको अर्द्धवार्षिक कार्य सम्पादन स्तर, स्थानीयता एवं उपयुक्तताको आधारमा ह.स.चा. श्री प्रकाश खनाल र अविन्द्र बमको करार अवधी समेत चालु आ.व. को माघ १ गतेदेखि असाढ मसान्तसम्मको निम्ति (६ महिना) थप गर्ने र ह.स.चा. श्री तेजराम चौधरीलाई हालसम्मको सेवाको निम्ति हार्दिक धन्यवाद सहित ऐ.ऐ. माघ १ गतेदेखि लागू हुनेगरी विदाई गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : जि.स.स. मौज्दात कोष लगायतका योजना अनुगमन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २ :** कैलाली जिल्लाका विभिन्न स्थानीय तहमा मौज्दात कोषबाट कार्यान्वयन भएका र भैरहेका योजनाहरुको सामूहिक स्थलगत अनुगमन गरी योजना कार्यान्वयनमा रहेका समस्या समाधान गर्न तपसिल बमोजिम अनुगमन टोली खटाई प्रतिवेदन प्राप्त गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र. सं. | अनुगमन गरिने स्थानीय तहको क्लष्टर | अनुगमनमा खटिने पदाधिकारीको नाम | पद | अनुगमन अवधी | प्रतिवेदन गर्ने अवधी | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | गोदावरी, गौरीगंगा, घोडाघोडी, टिकापुर र भजनी न.पा तथा बर्दगोरीया र कैलारी गा.पा. | श्री खग राज भुषाल | का.वा.प्रमुख | मिति २०८०/१०/०४–०८ गतेसम्म | अनुगमन सकिएको ७ दिनभित्र | |
| | | श्री तेज बहादुर चन्द | सदस्य | | | |
| | | श्री बिर्ख बहादुर बुढा | सदस्य | | | |
| | | श्री लोकेन्द्र बहादुर ताडी | सदस्य | | | |
| | | श्री जानकी देवी चौधरी | सदस्य | | | |
| | | श्री भावना चौधरी | सदस्य | | | |
| | | श्री दिलु वि.क. | सदस्य | | | |
| | | श्री सरिता भुल | सदस्य | | | |
| | | श्री बिमल प्रकाश जोशी | नि.जि.स.अ. | | | |
| | | श्री अमरा बडाल | सब इन्जिनियर | | | |
| | | श्री हेम राज शर्मा | ना.सु. (निजी सचिव) | | | |
| | | श्री प्रकाश खनाल | ह.स.चा. | | | |
| | | श्री अविन्द्र बम | ह.स.चा. | | | |
| | | श्री चेत राज भट्ट | कार्यालय सहयोगी | | | |
| | | श्री तारा कुमारी बम | कार्यालय सहयोगी | | | |

**प्रस्ताव नं. ३: का.वा. समन्वय प्रमुखको भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३:** जिल्ला समन्वय समिति महासंघको च.नं. ५६/०८०-०८१, मिति २०८०/०९/२९ को पत्र बमोजिम मिति २०८० माघ १० गते कोशी प्रदेशको विराटनगरमा आयोजना हुने महासंघको २९ औं स्थापना दिवसमा सहभागिता जनाउन का.वा. समन्वय प्रमुख श्री खगराज भुषाल जानुपर्ने भएकोले सोका निम्ति जि.स.स. कार्यालयको स्वामित्वको से१झ १६५ नं. को गाडी लिई १ जना सहायक स्तर कर्मचारी र ह.स.चा. सहित वहाँको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

बैठक संख्या: १२/०८०-०८१

आज मिति २०८०/१०/२६ गते शुक्रबारका दिन बिहान ९:०० बजे जिल्ला समन्वय समिति, कैलालीको चालु आ. व. को बाह्रौं बैठक जि. स. स. का का. वा. प्रमुखश्री खगराज भुषाल ज्यूको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा बसी बिभिन्न निर्णय गरियो ।

तपसिल

१. का. वा. प्रमुख श्री खगराज भुषाल

२. सदस्य श्री तेज बहादुर चन्द

३. ,, श्री बिर्ख बहादुर लुडा

४. ,, श्री लोकेन्द्र बहादुर ताडी

५. ,, श्री जानकीदेवी चौधरी — जानकी

६. ,, श्री भावना चौधरी

७. ,, श्री दिलु वि. क.

८. ,, श्री सरिता मल्ल

९. सदस्य सचिव श्री धर्मराज तिवाडी

आमन्त्रित

१. ना. सु. बिमल प्रकाश जोशी

२. लेखापाल सागर सउँद

३. सब इन्जिनियर अमरा बडाल

जि.स. स. को मिति २०८०/१०/२६ गते बसेको चालु आ.व. को बाह्रौं बैठकका निर्णयहरु

प्रस्ताव नं.१: अनुगमन स्थितिको समिक्षा सम्बन्धमा ।

निर्णय नं. २: जिल्ला समन्वय समितिको मिति २०८०/१०/०४ मा सम्पन्न चालु आ.व.को एघारौं बैठकको निर्णय अनुसार जि.स.स. मौज्दात कोष संचालन निर्देशिका,२०७५ अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा कार्यान्वियन भएका र भैरहेका योजनाहरुको जि.स.स. का पदाधिकारी तथा कर्मचारीको संयुक्त टोलीद्वारा कार्यतालिका बमोजिम स्थलगत अनुगमन गर्दा देखिएका समस्या समाधानका निम्ति सरोकारवालालाई तपसिल अनुसार सुझाव दिने निर्णय गरियो ।

तपसिल :

- योजना कार्यान्वियन गर्दा पटक पटक हुनुपर्ने प्राविधिक अनुगमनको पाटो सन्तोषजनक नदेखिएकोले उक्त पक्षलाई सघन तुल्याई गुणस्तर व्यवस्थापनमा ध्यान दिनुपर्ने,
- कोष अन्तर्गत अन्य योजनाको कार्यान्वियन अवस्था सन्तोषजनक भएतापनि घोडाघोडी न.पा.-१ स्थित घोडाघोडी बहुमुखी क्याम्पस खानेपानी योजनाको सन्दर्भमा इस्टिमेटमा नसमेटिएको कारण योजना सुचारु गर्न पाइपलाइन र खानेपानी ट्यांकी व्यवस्थापन लगायत केही काम गर्नुपर्ने देखिएकोले अधुरो कार्य सम्पन्नताको निम्ति बजेट व्यवस्थापन गरी योजना पूर्ण गर्न घोडाघोडी नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने,
- मौज्दात कोष तर्फका योजना सम्पन्न भैसकेपछि लागत साझेदारीको अनुपात र विवरण उल्लेख गरी यस्ता संरचनामा स्थायी रुपमा सिलालेख जडान गर्न सम्पूर्ण स्थानीय तहलाई अनुरोध गर्ने,
- मौज्दात कोष अन्तर्गतका योजना कार्यान्वियन प्रक्रियामा स्थानीय तहको निगरानी क्षमता अभिवृद्धि गरी योजनाको दिगोपनामा ध्यान दिनुपर्ने र
- निर्माण सम्पन्न भैसकेका योजनाहरुको मर्मत सम्भार, रेखदेख र प्रभावकारी उपयोगको निम्ति स्थानीय तह र